जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY



*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*



**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com



बर्षः १२, अंकः २२२ पृष्ठः ४ | २०८२ पुस १० विहीबार (Thursday 25 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com


## शीतलहरबाट जनजीवन प्रभावित हुन थालेपछि चोकचोकमा दाउरा बाल्न थालियो



सिरहा, ९ पुस। शीतलहरका कारण जिल्लाको जनजीवन प्रभावित भएको छ। चिसो हावाले लहान बजारसहित ग्रामीण क्षेत्रको दैनिक जनजीवन कष्टकर बनेको हो। शीतलहरबाट बालबालिका, वृद्धवृद्धा तथा विपन्न समुदाय सबैभन्दा बढी प्रभावित भएका छन्। स्थानीयवासी बिहानैदेखि घुर तापेर बस्न थालेका छन्भने विद्यालयमा विद्यार्थीको उपस्थिति पनि घट्दै गएको छ।

चिसोको प्रभाव बढ्दै गएपछि लहान नगरपालिकाले बुधबार बिहानैदेखि बजार क्षेत्रका विभिन्न चोकचोकमा दाउरा बाल्ने व्यवस्था सुरु गरेको छ। लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले ग्रामीण चोक, राधाकृष्ण चोक, गणेशचोक, हनुमानस्थान, हुलाक चोकलगायत स्थानमा दाउरा बाल्ने काम थालिएको जानकारी दिए। उनले भने, "बढ्दो चिसोबाट नगरवासीलाई जोगाउन तत्काल राहतका कार्यक्रम सुरु गरेका छौं। बजार क्षेत्रका प्रमुख चोकमा दाउरा बालिएको छ र वडासँग समन्वय गरेर २४ वटै वडाका आवश्यक स्थानमा दाउरा वितरण गर्ने तयारी भइरहेको छ।" उनका अनुसार गरिब तथा विपन्न समुदायलाई लक्षित गरी ५०० परिवारलाई फाइबरका सिरक वितरण गर्ने तयारीसमेत गरिएको छ।

उनले भने, "चिसोबाट कसैको ज्यान जोखिममा नपरोस् भन्ने उद्देश्यले नगरपालिकाले आफ्नोतर्फबाट सक्दो पहल गरिरहेको छ।" यसैबीच मौसममा आएको अचानक परिवर्तन र निरन्तर चिसो हावाका कारण विद्यालयमा विद्यार्थीको उपस्थिति घटेको माध्यमिक विद्यालय पडरिया थारू टोलका प्रधानाध्यापक मनोज यादवले जानकारी दिए। उनका अनुसार अत्यधिक चिसोका कारण विशेषगरी विपन्न परिवारका बालबालिकासँग न्यानो लुगाको अभाव हुँदा विद्यालयमा नियमित


**–बाँकी दुई पेजमा**


## सिरहामा जसपा नेपालको एकल नाम सिफारिस



**जीवछ यादव**

लहान, ९ पुस। फागुन २१ गते हुने निर्वाचनको लागि जनता समाजवादी पार्टी नेपालले प्रत्यक्षतर्फका लागि सिराहा क्षेत्र नम्बर १ बाट सत्यनारायण यादव र सिराहा क्षेत्र नम्बर ३ बाट अशेश्वर यादवको एकल नाम सिफारिस गरिएको छ। सिराहा १ बाट समानुपातिकतर्फ पूर्वमन्त्री रहनुभएका राजलाल यादव, भोलाप्रसाद चौधरी, जितेन्द्रप्रकाश महतो, खडगनारायण चौधरी र ललितादेवी यादवको नाम सिफारिस गरिएको जसपा नेपाल सिराहा १ का क्षेत्रीय समिति अध्यक्ष बेचना यादवले जानकारी दिनुभयो।

नेपाली काँग्रेसले सिरहा १ बाट प्रत्यक्षतर्फ सिफारिस गरिएको रामसुन्दर चौधरीको नाम जिल्ला कार्य समतिले हटाएपछि काँग्रेका युवा नेताहरुले आपत्ति जनाएका छन्। सिराहा क्षेत्र नम्बर १ बाट नेपाली काँग्रेसको पुरानो नेता रामसुन्दर चौधरीको सिफारिस भएको नामलाई सिरहा जिल्ला कार्य समितिले हटाएपछि नेपाली काँग्रेसका महासमति सदस्य अरुण केसी, सिराहा १ (ख) का सभापति धर्मदेव यादव सचिवद्वय श्यामसुन्दर यादव र शरणदेव यादवले पत्रकार सम्मेलन गरी आपत्ति जनाउनुभयो।

उहाँहरुको अनुसार क्षेत्रीय समितिले सिफारिस गरिएको


**–बाँकी दुई पेजमा**



## विज्ञापन व्यवसाय सञ्चालन गर्दा ध्यान दिऔं।

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं।
- विज्ञापन वोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन वोर्डमा उजुरी गरौं।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच द्विपक्षीय तथा त्रिपक्षीय सम्झौताको आधार मा कारोबार गरौं।
- सञ्चारमाध्यमबाट जारी बीजकुको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं।
- सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।

**विज्ञापन व्यवसायलाई मर्यादीत तथा पारदर्शी बनाऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**






GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812


## लहान र धनगढीमाईमा बजार अनुगमन, ५ पसललाई जरिवाना, म्याद नाघेका सामान नष्ट

सिरहा, ९ पुस। सिरहा जिल्लामा उपभोक्ता हित संरक्षण गर्ने उद्देश्यले निरन्तर रूपमा बजार अनुगमन गरिएको छ। यसक्रममा मंगलबार लहान क्षेत्रमा र आज धनगढीमाई नगरपालिकाको बजार क्षेत्रमा अनुगमन गरिएको हो। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्ज, इलाका प्रशासन कार्यालय लहान, घरेलु तथा साना उद्योग कार्यालय सिरहाको संयुक्त टोलीले बजार अनुगमन गरेको हो। अनुगमनका क्रममा म्याद नाघेका उपभोग्य सामग्री नष्ट गर्नुका साथै बिना बिलबिजक सामान राख्ने तथा व्यवसाय गर्न लिएको अनुमति बाहेकका वस्तु बिक्री गर्ने पसललाई कारबाही गरिएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगन्जका अधिकृत सुनिल चौरासियाले जानकारी दिए। उनले भने, 'अनुगमनका क्रममा म्याद नाघेका सामान नष्ट गरिनुका साथै नियमविपरीत व्यवसाय सञ्चालन गर्ने पसललाई जरिवाना गरिएको छ।'

अनुगमनका क्रममा लहान–६ स्थित प्रेम ट्रेडर्सलाई १० हजार जरिवाना गरिएको छ भने लहान–६ को रमजान किराना स्टोर, विशाल किराना पसल, खुश्बु किराना पसल र राधा जनरल सप्लायर्सलाई जनही पाँच हजारका दरले जरिवाना गरिएको छ। जय माँ किराना पसललाई भने सामान्य सचेतिकरण गरिएको उनले बताए। बुधबार धनगढीमाई नगरपालिकाको बजार क्षेत्रमा तीन वटा कस्मेटिक पसल, दुई वटा किराना पसल, दुई वटा जुत्ताचप्पल पसल र एउटा कपडा पसलमा अनुगमन गरिएको छ। अनुगमनका क्रममा कुनै पनि पसललाई जरिवाना नगरी व्यापारीलाई सचेतीकरण मात्र गरिएको अधिकृत चौरासियाले बताए।

सुधार गर्ने उद्देश्यले नियमित अनुगमनअन्तर्गत गरिएको जनाउँदै आगामी दिनमा सिरहा सदरमुकामसहित अन्य बजार क्षेत्रमा पनि अनुगमनलाई निरन्तरता दिइने उनले बताए। अनुगमनका क्रममा कतिपय पसल सञ्चालकले सटर बन्द गरी असहयोग गरेका पनि पाइएको अधिकृत चौरासियाले उल्लेख गरे। व्यवसाय दर्ता तथा नवीकरण गरेर नियमअनुसार व्यवसाय सञ्चालन गर्नुपर्ने उल्लेख गर्दै उनले सामान्य त्रुटी भए अनुगमनका क्रममा सुधार गर्ने अवसर पाइने भएकाले नियमनकारी निकायलाई सहयोग गर्न व्यापारीलाई आग्रह गरे।

# सम्पादकीय

## जाडोमा ज्यान लिने गरिबीले हो !

हिउँदमा जाडो त तराईमा मात्र होइन देशैभर हुन्छ। हिमाली भेगका त कतिपय गाउँ नै हिउँदमा बेसीतिर झर्छन्। तर, शीतलहरका कारण धेरैको ज्यान भने तराईमा नै जान्छ। विगत केही दिनदेखि सुरु भएको शीतलहर र बाक्लो हुस्सुले यस वर्ष पनि तराईको जनजीवन कष्टकर भएको छ। जल तथा मौसम विज्ञान विभागको पछिल्लो तथ्याङ्कअनुसार पश्चिम तराईका धनगढी र नेपालगन्जजस्ता सहरको अधिकतम तापक्रम सरदरभन्दा ९ डिग्री सेल्सियससम्मले घटेको छ। घाम नलाग्ने र बाक्लो हुस्सुले ढाक्ने हुनाले खाना, नाना र छानाको बन्दोबस्त नहुनेहरूको अवस्था दयनीय हुनपुग्छ। विपन्नतामा बाँचिरहेकाहरूका लागि सधैँ नै जाडो पनि संकट बनेर आउँछ।

विगतका वर्षहरू झैँ यसपटक पनि शीतलहरको सबैभन्दा ठूलो मार दलित र भूमिहीनहरूको बस्तीमा परेकोसमाचार छ। जनकपुरधाम नजिकैको बघचौडा मुसहर बस्तीका विपन्नहरूको अवस्थाले हाम्रो राज्य संयन्त्रको असफलतालाई गिज्याइरहेको छ। च्यातिएको प्लास्टिकको छानोमुनि पराल ओछ्याएर र पातलो चादरको भरमा पुसको जाडो छल्नुपर्ने बाध्यता आफैँमा हृदयविदारक छ। 'पेटभर खान त मुस्किल छ ओढ्नेओछ्याउने कहाँबाट ल्याउनु?' भन्ने प्रश्नले तिनको दरिद्रताका साथै नागरिकप्रति राज्यको बेवास्तालाई पनि छर्लङ्ग पार्छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले ६ बुँदे निर्देशिका जारी गरेर स्थानीय तहलाई पूर्वतयारी र प्रतिकार्यका लागि निर्देशन दिएको छ। विडम्बना, विपन्न समुदायका नागरिकहरू जाडोले कठ्याङ्ग्रिएर रातभर घुर तापेर बस्न विवश देख्दादेख्दै पनि स्थानीय जनप्रतिनिधिहरू वास्तविकतालाई ढाकछोपगर्ने प्रयास गरिरहेका छन्। त्यसो त राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पनि समस्याको कारण होइन लक्षणमात्र देखाएको छ। तैपनि स्थानीय तहमा त्यसैको प्रभावकारी कार्यान्वयन गरिए कठ्याङ्ग्रिएका नागरिकहरूलाई केही सुबिस्ता हुन्थ्यो । जाडोले एकदुई जनाको ज्यान लिइसकेपछि दुईचार भारी दाउरा वा एक दुई थान कम्बल खरिद गर्ने सुरसार गर्नु त आगो लागेपछि कुवा खन्नुजस्तै हो ।

शीतलहर आकस्मिक घटना होइन। यो हरेक वर्ष आउने नियमित प्राकृतिक चक्र हो । यसलाई रोक्न वा टार्न सकिँदैन । त्यसैले यसको व्यवस्थापनका लागि परेपछि गर्ने सोच त्यागेर तयारी गर्नु जरुरी हुन्छ। पहिलो, स्थानीय तहले आफ्नो क्षेत्रका अति विपन्न परिवारको पहिचान गरी तत्काल न्यानो कपडा र पोसिलो खानेकुराको व्यवस्था गर्नुपर्छ। पेटमा अन्न नपरेपछि जाडो थेग्न कसैले पनि सक्तैन। तर, न्यानो कपडा बाँड्न तम्सनेहरूले यो यथार्थ सधैँ बिर्सने गरेका छन्।

प्रत्येक नागरिकलाई 'उपयुक्त आवास'को हक हुने संविधानले नै सुनिश्चित गरेको भए पनि त्यसको कार्यान्वयन गर्न संविधान बनेको १० वर्षसम्म पनि गम्भीर प्रयास गरिएको छैन। यसैले अझै पनि कतिपय नेपाली नागरिकले जाडोमा प्लास्टिकको पालमा रात काट्न विवश छन्। तिनका लागि उपयुक्त आवासको प्रबन्ध नहुँदासम्म अति जोखिममा हुने वृद्धवृद्धा, सुत्केरी र गर्भवती तथा बालबालिकालाई चिसोबाट बचाउन सार्वजनिक भवन वा सामुदायिक केन्द्रहरूलाई न्यानो आश्रयस्थलका रूपमा प्रयोग गर्नु उचित हुनेछ। यस्तै, दाउरा वितरण र स्वास्थ्य शिविरहरूलाई वडा तहसम्म पुऱ्याउनुपर्छ।

राज्यको पहिलो कर्तव्य नागरिकको जीवन रक्षा हो। प्रदेश र स्थानीय सरकारले समन्वय गरी विपन्न बस्तीमा तत्काल उचित सहायता पुऱ्याउन ढिलो नगरून्। नागरिकलाई कठ्याङ्ग्रिएर मर्नुपर्ने अवस्थाबाट बचाउनु नै राज्यको न्यूनतम धर्मपनि त हो।

# शीतलहरबाट तराई–मधेश क्षेत्रको जनजीवन प्रभावित

**अजय शाह**

महोत्तरी, ९ पुस। अत्यधिक चिसो र शीतलहरका कारण महोत्तरीसहित सम्पूर्ण तराई–मधेश क्षेत्रको जनजीवन प्रभावित बनेको छ। पछिल्ला केही दिनयता तापक्रम तल झरेपछि बालबालिका, वृद्ध तथा दीर्घरोगीहरू बढी जोखिममा परेका छन्। चिसोको प्रभाव बढ्दै गएपछि विभिन्न स्थानीय तहले सावधानीस्वरूप सामुदायिक तथा धार्मिक विद्यालयहरूमा जाडो बिदा दिन थालेका छन्। महोत्तरीको भंगहा र रामगोपालपुर नगरपालिकाले मंगलबारदेखि शुक्रवारसम्मका लागि नगरभित्रका सबै सामुदायिक तथा धार्मिक विद्यालय बन्द गर्ने निर्णय गरेको छ। पछिल्ला दिनमा चिसो अत्यधिक बढेर दैनिक जनजीवन कष्टकर बनेपछि बालबालिकाको स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै यस्तो निर्णय गरिएको भंगहा नगरपालिकाका नगरप्रमुख सञ्जीवकुमार साहले जानकारी दिनुभयो। उहाँका अनुसार मौसम सामान्य नहुन्जेलसम्म विद्यालय सञ्चालन गर्नु जोखिमपूर्ण हुन सक्ने भएकाले अस्थायी रूपमा बिदा दिइएको हो।

त्यसैगरी, महोत्तरीकै रामगोपालपुर नगरपालिकाले पनि अत्यधिक चिसोका कारण शिक्षण–सिकाइ प्रक्रियामा प्रतिकूल असर परेको भन्दै चार दिनका लागि विद्यालय बिदा दिएको जनाएको छ। रामगोपालपुर नगरपालिकाका नगरप्रमुख रामदुलार साहले बढ्दो चिसोले विशेषगरी साना कक्षामा अध्ययनरत बालबालिकालाई बढी असर गर्ने भएकाले सावधानीका रूपमा विद्यालय बन्द गर्नुपरेको बताउनुभयो। मौसम अनुकूल भएपछि विद्यालय नियमित रूपमा सञ्चालन गरिने उहाँले जानकारी दिनुभयो।

जाडोयाम सुरु भएसँगै दक्षिण एसियाको ठूलो भू–भाग शीतलहर र बाक्लो कुहिरोको प्रभावमा परेको छ। पश्चिम पाकिस्तानदेखि भारत हुँदै बङ्गलादेशसम्म फैलिएको इण्डो–गंगा समथर क्षेत्र हाल घना कुहिरोले ढाकिएको छ। यस क्षेत्रसँग भौगोलिक रूपमा जोडिएको नेपालको तराई–मधेश भू–भाग पनि सोही मौसमी प्रणालीको प्रत्यक्ष प्रभावमा परेको मौसमविद्हरू बताउँछन्। जल तथा मौसमसम्बन्धी अध्ययनअनुसार भारतीय उपमहाद्वीपमा शीतलहर नियमित मौसमी प्रक्रिया हो। सन् १९६१ देखि २०१५ सम्म भारतका विभिन्न जल तथा मौसम मापन केन्द्रमा गरिएको अध्ययनले दक्षिण समथर भू–भाग र उत्तर–पूर्वी भारतबाहेक अन्य क्षेत्रमा शीतलहर निरन्तर देखिँदै आएको उल्लेख गरेको छ। नेपालको तराई–मधेश क्षेत्र पनि हरेक वर्ष शीतलहरबाट प्रभावित हुने गरेको भए पनि यससम्बन्धी विस्तृत अध्ययन अझै पर्याप्त हुन सकेको छैन।

विगतका अध्ययनहरूले जाडोयाममा न्यूनतम तापक्रम बढ्दो र अधिकतम तापक्रम घट्दो क्रममा रहेको देखाएका छन्। साथै, हिउँदमा अत्यधिक चिसो हुने दिनहरूको संख्या पनि क्रमशः बढ्दै गएको छ। स्थानीयवासीहरूका अनुसार मंसिर महिनादेखि नै कुहिरो लाग्न सुरु भई माघ अन्त्यसम्म शीतलहरको प्रभाव रहने गर्दछ। औसतमा वर्षेनी करिब ३० दिन शीतलहरको प्रभाव रहने गरेको तथ्याङ्कले देखाउँछ। शीतलहर र कुहिरोको असर मानव स्वास्थ्यसँगै कृषि क्षेत्रमा पनि देखिएको छ। औरही नगरपालिका २ का किसान रामपृत यादवको अनुसार आलु, गोलभैँडा, भन्टा र खुर्सानीजस्ता तरकारी बाली बढी प्रभावित भएको छ। कृषकहरूका अनुसार कुहिरोका कारण आलुमा लाग्ने डडुवा रोगको जोखिम बढेको छ, जसले उत्पादनमा ठूलो क्षति पुऱ्याएको छ।

अत्यधिक चिसोका र बाक्लो कुहिरोले सडक तथा हवाई यातायातसमेत प्रभावित हुनुको साथै सडक दुर्घटनाको जोखिम बढेको छ। शीतलहर र कुहिरोको समयमा मानव जीवन, कृषि तथा पशुपन्छीको संरक्षणका लागि राज्यको तर्फबाट प्रभावकारी र दीर्घकालीन कार्यक्रम आवश्यक रहेको स्थानीयवासीहरूले औँल्याएका छन्। यसैबीच महोत्तरी जिल्लामा बढ्दो शीतलहरको प्रभावलाई दृष्टिगत गर्दै जिल्ला प्रशासन कार्यालय महोत्तरीले शीतलहर व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय तह, डिभिजन वन कार्यालय तथा सरोकारवाला निकायलाई समन्वय र सहकार्यका लागि आग्रह गरेको छ। प्रमुख जिल्ला अधिकार इन्द्रदेव यादवका अनुसार शीतलहरबाट प्रभावित नागरिकलाई राहत दिन सहुलियत दरमा दाउरा उपलब्ध गराउने व्यवस्था गरिएको छ।


डिभिजन वन कार्यालय तथा जिल्ला वन पैदावर आपूर्ति समितिबाट माग अनुसार दाउरा उपलब्ध भइरहेको प्रजिअ यादवले बताउनुभयो। यसले विशेषगरी विपन्न तथा जोखिममा रहेका समुदायलाई राहत पुग्ने विश्वास लिइएको छ। यस्तै, अति विपन्न तथा आवश्यक परिवारका लागि न्यानो लुगा उपलब्ध गराउने जिम्मेवारी स्थानीय तहहरूले लिएका छन्। स्थानीय तहमार्फत आवश्यकता अनुसार न्यानो कपडा वितरण तथा व्यवस्थापन भइरहेको र यस कार्यमा गैरसरकारी संस्था तथा अन्य सरोकारवालाको सहकार्य आवश्यक रहेको प्रशासनको भनाइ छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले शीतलहर व्यवस्थापनलाई थप प्रभावकारी बनाउन जिल्लास्थित सम्पूर्ण स्थानीय तह, गैसस, सामाजिक संघसंस्था तथा अन्य सरोकारवालालाई सक्रिय भूमिका निर्वाह गर्न अनुरोध गरेको छ। प्रजिअ यादवले समन्वय र सहजीकरणमार्फत नागरिकलाई सुरक्षित राख्न सबै निकायको साझा प्रयास अपरिहार्य रहेको बताउनुभएको छ ।

# बच्चा जन्माउन त आउँछ, तर बुबा बन्न सबैलाई आउँदैन

**सुमित्रा लुइटेल**

यस्तो उस्तै होइन, बच्चा जन्माउनु र बुबा बन्नु। बुबा शब्द आफैमा एक जिम्मेवारीसँग जोडिएको छ। परिवारको दायित्व बोक्नेदेखि सही मार्गदर्शन गर्नेसम्ममा बुबाको खास भूमिका हुन्छ। यसै भन्छन्, मनोविद् आशिष काफ्ले। उनका अनुसार अभिभावकत्व एउटा यस्तो प्रक्रिया हो जसले बच्चाको शारीरिक, भावनात्मक र सामाजिक विकासमा गहिरो प्रभाव पार्छ। अभिभावकत्व बच्चा जन्मिएपछि मात्र सुरु हुने होइन, यो बच्चा गर्भमा रहनु अघिदेखि नै सक्रिय हुनुपर्ने साइकोथेरापिस्ट तथा एक्प्रेसिभ आर्ट्स थेरापिस्ट साधना थापा बताउँछिन्।



बुबा शब्द, जसमा गहन जिम्मेवारी अनि दायित्व मिसिएको हुन्छ। उनीहरूले परिवारको कप्तानी मात्र सम्हालेका हुँदैनन्, त्यसलाई सही दिशानिर्देश पनि गरेका हुन्छन्। परिवारलाई कता डोहोऱ्याउने ? कस्तो बनाउने ? कहाँसम्म पुऱ्याउने ? बुबाको भूमिका अहंम हुन्छ यसमा। सफल बुबाले बच्चालाई संघर्ष सिकाउँछन्, दिशा दिन्छन् र सन्तुलित जीवन जिउन प्रेरित गर्छन्। यदि बुबाले आफ्नो जिम्मेवारी बोध गरे भने परिवार मजबुत र सुखी हुन्छ। बुबा र आमाको दुवैको भूमिका अभिभावकका रूपमा उत्तिकै महत्वपूर्ण हुने मनोविद् आशिष काफ्ले बताउँछन्। उनका अनुसार आमाले सामान्यतया भावनात्मक पालनपोषण, करुणा र सम्बन्धमा ध्यान दिने वातावरण प्रदान गर्छिन् भने बुबाले सुरक्षा, तार्किकता, दृढता र स्वतन्त्रतातर्फ झुकाव राख्ने ऊर्जा दिन्छन्। यस्तोमाबच्चाको स्वस्थ विकासका लागि बुबा आमा दुवैले आफ्नो भूमिका राम्रोसँग निभाउनु आवश्यक हुने उनको भनाइ छ।

**अभिभावकत्वमा बुबाको भूमिका**

अभिभावकत्व एउटा यस्तो प्रक्रिया हो जसले बच्चाको शारीरिक, भावनात्मक र सामाजिक विकासमा गहिरो प्रभाव पार्छ। विशेष गरी नेपाल जस्तो समाजमा, जहाँ परम्परागत भूमिका विभाजनले बुबाको संलग्नतालाई सीमित बनाएको छ, यसले बच्चाहरूमा दीर्घकालीन समस्या निम्त्याउन सक्छ। अभिभावकत्व बच्चा जन्मिएपछि मात्र सुरु हुने होइन, यो बच्चा गर्भमा रहनु अघिदेखि नै सक्रिय हुनुपर्ने साइकोथेरापिस्ट तथा एक्प्रेसिभ आर्टस् थेरापिस्ट साधना थापा बताउँछिन्। 'जब आमाबुबाले बच्चा जन्माउने योजना बनाउँछन्, त्यतिबेलादेखि नै बुबाको भूमिका सुरु हुन्छ' थापा भन्छिन्, 'यो योजनामा आर्थिक अवस्था, भावनात्मक र शारीरिक तयारी, बच्चालाई कसरी हुर्काउने र कस्तो वातावरण दिने जस्ता कुराहरू समावेश हुनुपर्छ।' तर नेपालमा यस्तो योजना प्रायः नहुने थापा बताउँछिन्।

हाम्रो समाजमा बच्चा जन्माउने कुरालाई प्राकृतिक प्रक्रियाको रूपमा लिइन्छ, जसले गर्दा अभिभावकत्वको आधार नै कमजोर हुन्छ। यदि सुरुदेखि नै सोचविचार नगर्ने हो भने पछि प्रभावकारी रूपमा अभिभावक हुन गाह्रो हुन्छ। यसले गर्दा बुबाको भूमिका पनि सीमित रहन्छ, किनकि उनीहरूले यो प्रक्रियामा भाग लिने अवसर नै नपाउने थापाको भनाइ छ। सामान्यतया, बुबाहरूले आउटडोर गतिविधि, खेलकुद, शारीरिक क्रियाकलाप र थ्रिलिङ अनुभवहरूमा बच्चालाई संलग्न गराएर शारीरिक तथा मानसिक विकासमा छुट्टै योगदान दिने सक्ने मनोविद् काफ्ले बताउँछन्।

**बुबाको अभिभावकत्वको परम्परागत अवधारणा र समस्या**

नेपालमा अभिभावकत्वलाई परम्परागत रूपमा हेर्ने गरिन्छ। यहाँ आमालाई माया, हेरचाह र भावनात्मक सम्बन्धको जिम्मेवारी दिइन्छ, जबकि बुबालाई कडा, अनुशासित र आर्थिक समर्थन गर्ने भूमिकामा राखिन्छ। अभिभावकका रूपमा बुबाले भावनात्मक रूपमा संलग्न हुनु पर्दैन भन्ने धारणा प्रबल छ। यो सिकाइ हाम्रो पुस्ताबाट नै आउँछ। हामीले आफ्ना अभिभावकबाट देखेको, पढेको र भोगेको कुराबाट सिक्छौं। तर यो धारणाले बुबाको भूमिकालाई कमजोर बनाउँछ, जसले गर्दा बच्चाहरूसँग भावनात्मक सम्बन्ध विकास हुन नपाउने साइकोथेरापिस्ट तथा एक्प्रेसिभ आर्ट्स थेरापिस्ट थापा बताउँछिन्।

'यसको जड समाजमा नै छ। उदाहरणका लागि, गर्भावस्थाको जाँचमा अस्पतालहरूले बुबाको खोजी गर्दैनन्' थापा भन्छिन्, 'धेरै अस्पतालमा प्रेग्नेन्सी चेकअप गर्दा बुबालाई भित्र छिर्नै दिइन्न।' काउन्सेलिङ सत्रहरूमा पनि आमाको खानपान, अस्पताल ब्याग तयारी जस्ता कुरा मात्र हुन्छन्, बुबाको भूमिकाबारे केही उल्लेख हुँदैन। एक परामर्शदाताले त सुत्केरी हुँदा बुबा उपस्थित भए श्रीमतीलाई घृणा गर्छन्, सम्बन्ध बिग्रिन्छ भनेर सल्लाह दिएको अनुभव आफूसँग रहेकी

–बाँकी तीन पेजमा

## शीतलहरबाट ...

उपस्थिति हुन नसकेको हो। त्यसैगरी, डिभिजन वन कार्यालय लहानले पनि जाडो छल्न दाउरा व्यवस्थापनमा सहयोग गरिरहेको जनाएको छ। कार्यालयका सूचना अधिकारी राधेश्याम चौधरीका अनुसार जिल्लाका मुख्य बजार क्षेत्रमा दाउरा उपलब्ध गराउन कार्यालयले रु पाँच लाख बजेट विनियोजन गरेको छ।

चिसोको प्रभाव बढ्दै गएपछि जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने तयारी भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जानकारी दिए। उनका अनुसार जिल्लाका १७ वटै स्थानीय तहका प्रमुखसँग छलफल भइरहेको र छिट्टै बैठक बसेर दाउरा उपलब्ध गराउने, न्यानो कपडा वितरण गर्नेलगायत आवश्यक निर्णय गरी कार्यान्वयन गरिनेछ। लगातारको शीतलहरले जनजीवन प्रभावित भइरहेकाले सरकारी निकाय तथा स्थानीय तहले सक्रियता बढाएका छन्।

# हिजो श्रमिक बेचिन्थे, आज विद्यार्थी बेचिँदै छन्

**नवीन अधिकारी**

नेपालको इतिहास पल्टाउँदा हामीले एउटा दोहोरिँदो चित्र देख्छौँ— मानिसलाई बस्तुका रूपमा बेच्ने र निर्यात गर्ने। कुनै समय यो देशबाट गोर्खाली सैनिक पठाइन्थे, पछि खाडी मुलुकतर्फ श्रमिकहरू धकेलिन थाले। आज त्यो क्रम रोकिएको छैन बरु त्यसको स्वरूप नै बदलिएको छ। अब शरीरको श्रम होइन, युवाको सपना र भविष्य निर्यात भइरहेको छ—अध्ययनको नाममा। काठमाडौँका गल्लीदेखि साना सहरका बजारसम्म 'एजुकेसन कन्सल्टेन्सी' का साइनबोर्डहरू सजिएका छन्। झिलिमिली अफिस, आकर्षक ब्रोसर, चम्किला वेबसाइट र सामाजिक सञ्जालमा गरिएका दाबी हेर्दा लाग्छ— यी कन्सल्टेन्सीहरू बगेर विश्वका कुनै पनि विश्वविद्यालय पुग्नु सम्भव छैन। अक्सफोर्ड, हार्वर्ड, क्याम्ब्रिज, एमआईटी जस्ता विश्वप्रसिद्ध विश्वविद्यालयका लोगो र नाम यति सजिलै प्रयोग गरिन्छ, मानौँ ती संस्थाहरू नेपालका गल्लीमै शाखा खोलेर बसेका हुन्।

तर, यहाँ एउटा गम्भीर प्रश्न जन्मिन्छ— के साँच्चै हाम्रो जस्तो शैक्षिक, आर्थिक र संरचनागत रूपमा कमजोर देशको कुनै सानो कोठामा खोलिएको कन्सल्टेन्सीले विश्वका शीर्ष विश्वविद्यालयहरूमा विद्यार्थी पठाउने हैसियत राख्छ ? कि यी नामहरू केवल व्यापार बढाउने हतियार मात्र हुन् ? विश्वका उत्कृष्ट विश्वविद्यालयहरूमा पढ्न जानु केवल फारम भर्ने प्रक्रिया होइन। त्यहाँ विश्वभरिका उत्कृष्ट विद्यार्थीहरूबिच कठोर प्रतिस्पर्धा हुन्छ। असाधारण शैक्षिक उपलब्धि, अनुसन्धान क्षमता, अन्तर्राष्ट्रिय स्तरको शैक्षणिक दृष्टि र उच्चस्तरीय सिफारिस पनि चाहिन्छ। यसको अभावमा संस्थाहरूमा प्रवेश पाउनु लगभग असम्भव मानिन्छ।

तर नेपालका धेरै कन्सल्टेन्सीले यो यथार्थ विद्यार्थीलाई स्पष्ट रूपमा बताउँदैनन्। बरु 'सबै मिलाइ दिन्छौँ', 'हामीसँग विश्वविद्यालयको प्रत्यक्ष सम्पर्क छ', 'छात्रवृत्ति पक्का' जस्ता आश्वासन बाँड्छन्। यहीँबाट सुरु हुन्छ, अध्ययन प्रक्रिया होइन, डिल प्रक्रिया। धेरै कन्सल्टेन्सीहरूका लागि विद्यार्थी ज्ञान खोज्ने व्यक्ति होइन, कमिसन दिने 'फाइल' मात्र हुन्। विद्यार्थीको रुचि, क्षमता र दीर्घकालीन लक्ष्य भन्दा पनि कुन देशको विश्वविद्यालयमा अस्वीकृत हुने सम्भावना कम छ, कुन विश्वविद्यालयले एजेन्टलाई पैसा दिन्छ, कुन भिसा छिटो लाग्छ आदि कुरामा विद्यार्थी अल्झिन पुग्छ। मोलमोलाइ यहीँबाट सुरु हुन्छ। यसरी विद्यार्थीको भविष्य एउटा व्यापारिक समीकरणमा सीमित हुन जान्छ।

खोज गर्दा देखिन्छ— विद्यार्थीलाई प्रायः उनी आवेदन दिइरहेका विश्वविद्यालयको वास्तविक स्तर, अध्ययन हुने पाठ्यक्रमको अन्तर्राष्ट्रिय मान्यता वा भविष्यको रोजगारी सम्भावनाबारे स्पष्ट जानकारी नै दिइँदैन। किनभने यस्ता प्रश्नले शंका जन्माउँछन् र शंकाले व्यापार बिगार्न सक्छ। त्यसैले सत्य भन्दा सजिलो सपना बेचिन्छ। यस व्यापारमा सबैभन्दा ठुलो हिस्सा आर्थिक शोषणको छ। अप्लिकेशन प्रोसेसिङ, डकुमेन्टेशन, अन्तर्वार्ता तयारी, भिजा सर्भिस र ट्रेनिङ शुल्क जस्ता शीर्षकमा विद्यार्थीबाट लाखौँ असुलिन्छ। विडम्बना के भने— यीमध्ये अधिकांश काम विद्यार्थी आफैँले गर्न सक्छन्, त्यो पनि निःशुल्क वा न्यून खर्चमा। तर कन्सल्टेन्सीले यस्तो वातावरण बनाइदिन्छ कि उनीहरू बिना केही सम्भव छैन। यसरी शिक्षा होइन, निर्भरता बेचिन्छ।

धेरै विद्यार्थीहरू हार्वर्ड, अक्सफोर्ड, एमआईटीको सपना बोकेर कन्सल्टेन्सीको ढोका ढकढक्याउँछन्। उनीहरूलाई आश्वासन दिइन्छ— 'प्रयास गरौँ', 'सम्भावना छ', 'व्यक्ति प्रोफाइल हामी बनाइदिन्छौँ' आदि। तर अन्त्यमा ती विद्यार्थीहरू पुग्छन् न्यून र्‍याङ्किङ निजी विश्वविद्यालयमा वा केवल अन्तर्राष्ट्रिय विद्यार्थीबाट पैसा उठाउने संस्थामा। जब प्रश्न उठाइन्छ तब जवाफ दिइन्छ– 'तपाईंको प्रोफाइल कमजोर रहेछ'।

तर त्यो सत्य पहिल्यै कहिल्यै भनिँदैन। यस सम्पूर्ण प्रक्रियामा राज्यको भूमिका झनै चिन्ताजनक छ। शिक्षा मन्त्रालय र सम्बन्धित निकायहरू कागजी अनुमति र प्रक्रियामा सीमित देखिन्छन्। कन्सल्टेन्सी खोल्न के कस्तो योग्यता चाहिन्छ, झूटो दाबी गरे के सजाय हुन्छ, विद्यार्थी ठगिए कहाँ जान्छ— यी प्रश्नहरूको स्पष्ट उत्तर छैन। नियमनको कमजोरीले शिक्षा क्षेत्रलाई खुला बजार बनाइदिएको छ, जहाँ नियम भन्दा दलाली बलियो छ।

अभिभावक र समाज पनि अनजानमै यस व्यापारका साझेदार बन्दै गएका छन्। 'नेपालमा केही छैन', 'विदेश नगई भविष्य छैन' भन्ने मानसिकताले कन्सल्टेन्सीहरूलाई थप शक्ति थपिदिएको छ। विदेश अध्ययन आफैँमा गलत होइन, तर आम मानिसको सपनालाई बजारमा बेच्नु गम्भीर समस्या हो। निष्पक्ष रूपमा भन्नुपर्दा, सबै कन्सल्टेन्सी खराब छैनन्। केही संस्थाहरू इमानदारीपूर्वक मार्गदर्शन गर्छन्, विद्यार्थीलाई यथार्थ बुझाउँछन्, स्वयंलाई आवेदन भर्न सक्षम बनाउने पनि छन्। तर समस्या के हो भने— राम्रा र खराब छुट्ट्याउने संयन्त्र छैन। खराब कन्सल्टेन्सीले राम्रोको नाम पनि बदनाम गरिरहेको छ।

यही सन्दर्भमा एउटा गम्भीर प्रश्न छ— के अध्ययनको नाममा भइरहेको यो प्रक्रिया नयाँ प्रकारको मानव बेचबिखन होइन ? जब विद्यार्थी वस्तु बन्छ, सपनाको मूल्य तोकिन्छ र भविष्यको व्यापार हुन्छ, तब यसलाई तपाईं के भन्नु हुन्छ ? हिजो श्रमका लागि श्रमिक बेचिन्थे आज विद्यार्थी बेचिँदै छन्। आज यसबारे बोलिएन भने, भोलि यो देशले शिक्षित युवा होइन, ठगिएका पुस्ता उत्पादन गर्नेछ। विद्यार्थी विदेश पढ्न जाँदै छन् कि अध्ययनको नाममा बेचिँदै छन् यो प्रश्न अब विद्यार्थीको मात्र होइन, नागरिक, समाज र राज्यको हो। रातोपाटीबाट

# बीच सडकमा गाउँपालिका अध्यक्ष र उपाध्यक्षको झगडा

विराटनगर, ९ पुस। मोरङको ग्रामथान गाउँपालिका अध्यक्ष र उपाध्यक्षबीच गाडी प्रयोगको विषयलाई लिएर बीच सडकमा झगडा भएको छ। बुधबार अध्यक्ष नोमनारायण माझीले प्रयोग गरेको गाडी उपाध्यक्ष गुणवतीदेवि थारुले नियन्त्रणमा लिएपछि दुई पक्षबीच बिराटनगरको सडकमै झगडा भएको हो। पार्टीको कार्यक्रमका लागि विराटनगर आएकी उपाध्यक्ष थारुले अध्यक्षले प्रयोग गर्ने गाडी देखेपछि चालकबाट चाबी खोसेकी थिइन्।

सरकारी गाडी लिएर अध्यक्ष माझी जिल्ला प्रशासन कार्यालय पुगेका थिए। उपाध्यक्षले चाबी खोसेपछि अध्यक्ष रिसाए। विवाद बढ्दै जाँदा अध्यक्ष र एमाले कार्यकर्ताबीच हात हालाहालको अवस्था सिर्जना भएको थियो। त्यसपछि स्थानीयले अध्यक्ष माझीलाई रोकेका थिए। यसअघि गत फागुनमा अध्यक्ष माझीले उपाध्यक्षसहित वडाध्यक्षको सवारी खोसेका थिए। गाडी खोसेपछि जनप्रतिनिधि आफ्नै सवारी प्रयोग गरिरहेका छन्। गाउँपालिका उपाध्यक्ष गुणवतीदेवी थारुले कार्यकर्तालाई लिएर आएका कारण गाडी रोकिएको बताइन्।

मोरङका सहायक प्रमुख जिल्ला



अधिकारी सरोज कोइरालाका अनुसार जिल्ला प्रशासन कार्यालय बाहिर दुई पक्षबीच विवाद भए पनि कार्यालयमा प्रवेश गरेनन्। 'उहाँहरूको झगडा भएको भिडियोमा देखियो तर कार्यालयमा छलफलका लागि आउनुभएन। गाउँपालिकामा नै छलफल गर्ने भन्दै जानु भएछ,' उनले भने, 'अरू विषय जानकारी भएन।' गत मंसिरमा भएको उपनिर्वाचनमा माझीले माओवादी केन्द्रबाट पालिकाका अध्यक्ष जितेका थिए। एमालेको बहुमत भएको पालिकामा अध्यक्ष माझी र उपाध्यक्षसहित एमालेका जनप्रतिनिधिबीच पटकपटक विवाद भइरहेको छ।

अध्यक्ष माझीले पालिकाको काममा बाधा पुर्‍याउने नियतले जनप्रतिनिधिहरूले अनावश्यक विवाद सिर्जना गरेको बताए। आफूले बिलासिताका लागि नभई जनताको सेवाका लागि पदमा आएको बताउँदै उनले काम गर्नका लागि जनप्रतिनिधिले नै रोकेको गुनसो गरे। 'गाउँ सभा बोलाउँछु नोट अफ डिसेन्ट लेख्छन्, उपस्थित हुँदैनन्। कार्यपालिका बैठक बोलाउँछु, आउँदैनन्। अनि के गर्ने ? म भत्ता खान गएको त होइन नि। तलब–भत्ता खानको लागि म अध्यक्ष भएको होइन,' उनले भने, 'जनताको काम गर्नलाई म त्यहाँ गएको हो। अनि के गर्ने त ?'

आफूलाई काम गर्न नदिइएको उनको गुनसो छ। 'आफू काम नगर्ने तर अरूको खुट्टा तान्ने, त्यो त भएन नि,' उनले भने, 'म भन्छु, उपाध्यक्षको काम गर्ने अधिकार के हो, म सम्मान गर्छु। वडाध्यक्षको अधिकार के हो, म सम्मान गर्छु। तर तपाईंहरूले पनि अध्यक्षको अधिकारको सम्मान गर्नुपर्‍यो नि।' माझीले गाउँ सभामै आएर छलफल गर्न आग्रह गरे। उनले भने, 'विराटनगरका सडकमा झगडा गरेर जनताको प्रतिनिधि भइँदैन।'

## *बच्चा जन्माउन ...*

थापाले सुनाइन्।

यो धारणाले बुबालाई अभिभावकत्वबाट टाढा राख्छ। समाज, परिवार र अस्पतालहरूले नै बुबालाई यो प्रक्रियाबाट अलग राख्छन्, जसले गर्दा उनीहरूले सिक्ने र संलग्न हुने अवसर पाउँदैनन्। 'सिकाइ दुई तरिकाबाट हुन्छः पढेर वा गरेर। यदि देखेको र गरेको छैन भने, कसरी प्रभावकारी बुबा बन्ने ?' थापाको प्रश्न छ।

नेपालमा बुबाको भूमिकालाई आर्थिक समर्थन, पढाउने, खुवाउने र अनुशासनमा राख्न कडा हुनेमा मात्र सीमित गरिन्छ। यसले भावनात्मक सम्बन्धलाई बेवास्ता गर्छ, जसको दीर्घकालीन प्रभाव बच्चाको मानसिक स्वास्थ्यमा पर्छ। अनुसन्धानहरूले पनि यो कुरा प्रमाणित गरेका छन् कि बुबाको भावनात्मक संलग्नता नहुँदा बच्चाको साइकोसोसियल स्वास्थ्य प्रभावित हुन्छ।

यद्यपि, आधुनिक अभिभावकत्वले कठोर लैंगिक 'स्टिरियोटाइप'भन्दा बाहिर गएर दुवै ऊर्जाको मिश्रणलाई प्रोत्साहन गर्छ, जसले बच्चाहरूमा लचिलोपन, सहानुभूति र सन्तुलित विकास सुनिश्चित गर्छ, जसलाई काफ्लेले जोड दिन्छन्। 'रिसर्चहरूले पनि देखाउँछन् कि बुबाको सक्रिय संलग्नताले बच्चाको भावनात्मक सुरक्षा, शैक्षिक सफलता र सामाजिक कौशलमा सकारात्मक प्रभाव पार्छ।'

**बच्चाहरूमा यसको असर**

बुबाको अभिभावकत्वमा कम संलग्नताले बच्चाहरूमा गम्भीर प्रभाव पार्छ। काउन्सिलिङमा आएका धेरै केसहरूमा यो देखिने साइकोथेरापिस्ट तथा एक्प्रेसिभ आर्ट्स थेरापिस्ट थापा बताउँछिन्। विशेष गरी सम्बन्ध टुटेका परिवार, जहाँ आमा वा बुबामध्ये एकको भूमिका कमजोर हुन्छ, त्यहाँबाट आएका बच्चाहरूमा एन्जाइटी, डिप्रेसन, एडिक्सन र व्यवहारिक समस्या बढी हुने उनले जानकारी दिइन्। 'यसमा आमा र बुबा दुवैको भूमिका महत्वपूर्ण हुन्छ, तर बुबाको कमीले विशेष प्रभाव पार्छ' थापा भन्छिन्।

यस सन्दर्भमा, साइकोथेरापिस्ट तथा एक्प्रेसिभ आर्ट्स थेरापिस्ट थापा भन्छिन्, 'काउन्सिलिङमा आएका धेरै केसहरूमा बुबाको भावनात्मक संलग्नताको कमीले बच्चाहरूमा एन्जाइटी र डिप्रेसन जस्ता समस्या बढेको देखिन्छ। यो सुरुदेखि नै भावनात्मक सुरक्षा प्रदान नगर्दा हुन्छ, जसले दीर्घकालीन रूपमा बच्चाको सम्बन्ध र आत्मविश्वासलाई प्रभावित गर्छ' अभिभावकत्वमा बुबाको सक्रिय भूमिका आवश्यक हुने र यसलाई समाजले प्रोत्साहन गर्नुपर्ने उनको भनाइ छ।

**कसरी राम्रो बुबा बन्ने ?**

राम्रो बुबा बन्न सिक्न सकिन्छ, तर यसका लागि प्रयास चाहिन्छ। प्यारेन्टिङ सिक्न नसकिने कुरा होइन। यसलाई योजना, संलग्नता र सहायताबाट मजबुत बनाउन सकिने साइकोथेरापिस्ट तथा एक्प्रेसिभ आर्ट्स थेरापिस्ट थापाले बताइन्।

'राम्रो बुबा बन्नका लागि बच्चा गर्भमा रहनु अघि नै आमाबाबुबीच छलफल हुनुपर्छ' थापा भन्छिन्, 'कसरी असल अभिभावक बन्ने भन्नेबारे कुरा गर्नुपर्छ। आर्थिक, भावनात्मक र शारीरिक तयारी गर्नुपर्छ।'

गर्भावस्थाको चरणदेखि नै बुबा आमासँगै अस्पताल चेकअपमा जानुपर्छ। आमालाई सुरक्षित महसुस गराउने गर्नुपर्छ। बच्चाले आमाको भावना महसुस गर्छ, त्यसैले बुबाको उपस्थितिले सुरक्षा दिन्छ। जन्मपछि नवजात शिशुलाई बोक्ने, छातीमा राख्ने गर्नुपर्छ। बुबाले प्राइमरी केयरगिभरको रूपमा समय दिनुपर्छ र भावनात्मक हेरचाह गर्नुपर्ने थापाको सुझाव छ।

'बढ्दो उमेरमा बच्चासँग खेल्ने, उनीहरूको कुरा सुन्ने र उनीहरूको प्रश्नको जवाफ दिने गर्नुपर्छ। राम्रो/नराम्रो छुट्ट्याउन सिकाउनुपर्छ। आफ्नो प्रतिक्रिया देखाएर बच्चालाई राम्रो नराम्रो सिकाउनुपर्छ' उनी भन्छिन्।

बच्चाले बुबालाई हेरेर धेरै कुरा सिक्छः समस्या समाधान, आत्मविश्वास र क्षमता विकास। बच्चा हुर्काउँदा आफू पनि सिक्दै जानुपर्छ र बुबा उसको रोल मोडल बन्नुपर्ने थापा बताउँछिन्।

यदि अभिभावकत्व सिक्न गाह्रो भए, प्यारेन्टिङ क्लास, कपल सेसन वा फ्यामिली थेरापी लिन सकिन्छ। यसलाई सकारात्मक रूपमा लिनुपर्छ। समस्या आयो भने सहायता खोज्नु राम्रो हो। नेपालमा पनि यस्ता सेसनहरू उपलब्ध छन्। त्यसैले समस्या भए विशेषज्ञको सहायता पनि लिनुपर्ने सुझाव थापाको छ।

## *सिरहामा जसपा...*

नामलाई जिल्ला कार्यसमितिले हटाएर अन्याय गरेकाले न्यायको लागि केन्द्रीय कार्य समितिमा निवेदन दिएका छौं। यता नेपाली काँग्रेस कार्य समित सिराहाले प्रत्यक्षतर्फ सिराहा १ बाट पूर्वमन्त्री पदमनारायण चौधरी र लहान नगरसमितिका सभापति सञ्जय यादव, सिराहा २ बाट काँग्रेस सिराहा सभापति रामचन्द्र यादवको एकल नाम सिफारिस भएको जिल्ला सचिव शैलेन्द्र यादवले बताउनुभयो। उहाँको अनुसार सिराहा ३ बाट रामबाबु यादव र मधुसुदन यादव र सिराहा ४ बाट संविधान सभाका सदस्य रहनुभएका गणेश मण्डल र नेपाली काग्रेसको केन्द्रीय सदस्य मञ्जु खाँणको नाम सिफरिस गरिएको छ।

समानुपातिकतर्फ सिराहा १ बाट नेपाल महिला संघकी केन्द्रीय अध्यक्ष उषा राउत, नेपाल विद्यार्थी संघको सहमहामन्त्री रहनुभएका प्रमेश्वर साह र शर्मिला पोखरेलको नाम सिफरिस भएको छ। यसैगरी सिराहा २ बाट पूर्वमन्त्री रहनुभएकी हाल अष्ट्रेलियाका राजदूत चित्रलेखा यादवको एकल नाम सिफरिस भएको छ। सिराहा ३ बाट उपेन्द्रकुमार यादव, कौशल मण्डल, अरुण सदाय कुसुमदेवी यादव र दिनेशकुमार साह, सिराहा ४ बाट अरुण सिंह, रमेश न्यौपाने र नागेश्वर भुडेलको नाम सिफारिसमा परेको छ।

यसैगरी राष्ट्रसभाको लागि सिराहा जिल्लाबाट सूर्यनारायण यादव, वसन्ती सदाय र अमियकुमार यादवको नाम सिफारिस गरी मधेश प्रदेश समितिमा पठाएको नेपाली काँग्रेस सिराहाले जनाएको छ।

# निमित्त सचिवको भरमा मधेश प्रदेश सरकार




अजित तिवारी

जनकपुर, ९ पुस मधेश प्रदेश सरकारका अधिकांश मन्त्रालय निमित्त सचिवकै भरमा चलेका छन्। प्रदेश सरकारको प्रमुख सचिव नै निमित्त रहेका मधेशका अधिकांश मन्त्रालयका सचिव पनि निमित्त नै छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश प्रमुखको कार्यालय पनि निमित्त सचिवकै भरमा चलेको छ। सह–सचिव रामकुमार महतो मधेश प्रदेश सरकारका निमित्त प्रमुख सचिव हुन्। अर्थ मन्त्रालयका सचिव रहेका महतोलाई निमित्त प्रदेश सचिवको समेत जिम्मेवारी तोकिएको छ।

मधेश प्रदेशका तत्कालीन प्रमुख सचिव मदन भुजेलको गत कात्तिकमा सरुवा भएपछि निमित्त प्रमुख सचिवको जिम्मेवारी पाएका जयकुमार घिमिरेको पनि पुसको पहिलो साता सरुवा भयो। त्यसपछि यसैसाता महतोलाई निमित्त प्रमुख सचिवको जिम्मेवारी तोकिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सचिवलाई प्रमुख सचिव तोक्ने र चार सह–सचिवलाई सचिवको जिम्मेवारी दिने गरिएको छ। तर, मुख्यमन्त्री कार्यालयमा यमेन्द्र उपाध्याय मात्र प्रशासन महाशाखाको सचिवको जिम्मेवारीमा छन्। संघीय सरकारले प्रदेशमा सचिवलाई प्रमुख सचिव र सह–सचिवलाई सचिवको जिम्मेवारी तोक्ने गरेको छ ।

मधेश प्रदेश प्रमुखको कार्यालय भने निमित्त सचिवको भरमा चलेको धेरै भयो। प्रदेश प्रमुखको कार्यालयमा शत्रुधन यादव करिव दुई वर्षदेखि निमित्त सचिवको जिम्मेवारीमा छन्। गृह, सञ्चार तथा कानुन मन्त्रालयको जिम्मेवारी अहिले मुख्यमन्त्री कृष्णप्रसाद यादवले आफैंसँग राखेका छन् भने त्यो मन्त्रालयमा पनि निमित्त सचिव गणेश नायकलाई तोकिएको छ। गत कात्तिकमा सचिवबाट सरुवा भएका विमल रिजालको ठाउँमा गत कात्तिक २५ गते नायकलाई निमित्तको जिम्मेवारी तोकिएको थियो ।

यस्तै, भौतिक पूर्वाधार तथा विकास मन्त्रालयमा पनि निमित्त सचिव नै छन्। मधेश प्रदेश सरकारको सबैभन्दा बढी बजेट करिब १६ अर्ब रुपैयाँ परिचालन गर्ने भौतिक पूर्वाधार तथा विकास मन्त्रालय हाल मन्त्रीविहीन मात्र होइन, निमित्त सचिवकै भरमा दुई वर्षदेखि चलिरहेको छ। हाल उक्त मन्त्रालयमा सञ्जयप्रसाद साहलाई निमित्त सचिवको जिम्मेवारी तोकिएको पनि दुई वर्ष पुगेको छ। मन्त्रालयको आधिकारिक वेबसाइटमा भने मन्त्री भनेर यसअघिका मुख्यमन्त्री सरोजकुमार यादव(महोत्तरी)कै तस्बिर र नाम अझै राखिएको छ ।

मधेश प्रदेश सरकारको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा पनि निमित्त सचिव नै छन्। उक्त मन्त्रालयको जिम्मेवारी निमित्त सचिव रामकुमार खंगले पनि दुई वर्षदेखि सम्हालिरहेका छन्। शिक्षा तथा संस्कृति मन्त्रालय पनि निमित्त सचिवकै भरमा चलेको दुई वर्षभन्दा बढी भएको छ। उक्त मन्त्रालयमा दीलिपकुमार ठाकुरलाई निमित्त सचिवको जिम्मेवारी तोकिएको छ। यस्तै, खेलकुद तथा समाजकल्याण मन्त्रालयमा पनि निमित्त सचिव नै छन्। उक्त मन्त्रालयको निमित्ति सचिवमा रंजितकुमार यादवलाई गत जेठमा ल्याइएको थियो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का प्रवक्ता यमेन्द्र उपाध्यायले माथिल्लो तहका सचिवहरू नभएकाले धेरैजसो मन्त्रालयमा निमित्त सचिव तोकिएको बताए। 'संघइुय सरकारले सचिवहरू सरुवा गर्ने हो,' उनले भने,'माथिल्लो तहका आएपछि निमित्त स्वतः हट्दै जानेछन्।'

तर, मधेश प्रदेश सरकारकै श्रम तथा यातायात मन्त्रालयमा सचिव युवराज अधिकारी, वन तथा वातावरण मन्त्रालयमा सचिव जीवनाथ पौडेल, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा सचिव उमेश दाहाल रहेका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा मंगलबार नै सचिवमा प्रमोद यादवलाई जिम्मेवारी तोकिएको छ ।

# कृषि मन्त्रालयको विद्युतीय प्रणालीमा ५८ प्रतिशत किसान सूचीकृत

काठमाडौं, ९ पुस। सरकारले झन्डै ५८ प्रतिशत किसानलाई विद्युतीय प्रणालीमा सूचीकृत गरेको छ। विद्युतीय प्रणालीमार्फत सुविधा दिने उद्देश्यले कृषि तथा पशुपक्षी विकास मन्त्रालय अन्तर्गत रहेको कृषि, सूचना तथा प्रशिक्षण केन्द्रले किसानलाई सूचीकृत गरेको हो। कृषि जनगणना २०७८ अनुसार ४१ लाख ३० हजार किसान रहेकामा अहिलेसम्म २३ लाख ८३ हजार किसान सूचीबद्ध भएका केन्द्रका अधिकृत सञ्जीव पण्डितले जानकारी दिनुभयो। उहाँका अनुसार किसानको जमिनको विवरण र खेती उत्पादनका आधारमा सूचीकरण गरिएको हो।

सबै किसानलाई सूचीबद्ध गरेपछि निर्वाहमुखी किसान, साना किसान, मझौला किसान र ठूला किसान गरी चार प्रकारमा मन्त्रालयले वर्गीकरण गर्ने योजना बनाएको अधिकृत पण्डितले बताउनुभयो। किसानको वर्गीकरणपछि परिचयपत्र वितरण गर्ने, विद्युतीय सूचना प्रणालीमा जोड्ने लगायत कार्यक्रम गरिनेछ। सरकारले परिचयपत्रका आधारमा अनुदानसहित रासायनिक मल, बीउ, अनुदान, सेवा व्यवस्थापन लगायत सुविधासहित आवश्यक सहायता उपलब्ध गराउने योजना बनाएको छ। पालिकासँग समन्वय गरेर किसानका सूचना तथा तथ्याङ्क संकलन गरेको केन्द्रका अधिकृत पण्डितले बताउनुभयो।

# मधेशमा सामाजिक सुरक्षाका लागि रणनीतिक कार्ययोजना निर्माण गरिँदै

**धर्वेन्द्र झा**

जनकपुरधाम, ९ पुस। मधेश प्रदेशमा सामाजिक सुरक्षाका लागि रणनीतिक कार्ययोजना निर्माण गर्न लागिएको छ। मधेश प्रदेश सरकारले मधेशमा समावेशी, दिगो र न्यायसंगत सुरक्षा प्रणालीको विकास गरी सबै नागरिकको जिवनस्तर उकास्ने उद्देश्यले रणनीतिक कार्ययोजना निर्माण गर्न लागेको हो। मधेश सरकारको खेलकुद तथा समाजकल्याण मन्त्रालयको आयोजना, लाइफ नेपालको समन्वय तथा युरोपियन युनियन र संयुक्त राष्ट्र संघ (युनिसेफ)को सहयोगमा सशक्त महिला समृद्ध नेपाल कार्यक्रमअन्तर्गत मङ्गलबार साँझ जनकपुरधाममा भएको मधेशमा सामाजिक सुरक्षाका लागि रणनीतिक कार्ययोजनासम्बन्धी तयार पारिएको मस्यौदा माथिको छलफल कार्यक्रममा प्रदेश सरकारका विभिन्न मन्त्रालयका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

मस्यौदा माथिको छलफलको क्रममा बोल्दै उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेले राज्यले सबैलाई सम्मान सरंक्षण गर्नुपर्ने भन्दै आवश्यकता भएका व्यक्तिलाई सामाजिक सुरक्षामा पहुँच बढाउने किसिमले रणनीतिक कार्ययोजना निमार्ण गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रमको अध्यक्षता गर्नुभएका खेलकुद तथा समाज कल्याण मन्त्रालयका उपसचिव धमेन्द्र लाल कर्णले सामाजिक सुरक्षा भत्ता कस कसलाई प्रदान गर्ने विषयमा डाटको अभाव रहेको भन्दै प्रदेश सरकारले डाटका लागि आफैं जनगन्ना गराउनुपर्ने बताउनुभयो। मधेश प्रदेशका सबै मन्त्रालयका प्रतिनिधि र सरोकारवाला निकायका प्रतिनिधि सहभागि रहेको उक्त छलफल कार्यक्रममा समूह बनाएर मस्यौदामा छुटेका विषय वस्तुहरु सुझावका रुपमा संकलन गरिएको थियो। कार्यक्रममा सहभागिहरु बाट आएका सुझावहरुलाई समेटेर मस्यौदालाई अन्तिम रुप दिने कार्यक्रमको सहजीकरण गर्नु भएका डा.दिपेश घिमिरेले बताउनुभयो। छलफल अघि लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरले सामाजिक सुरक्षा रणनीतिक कार्ययोजनासम्बन्धी मस्यौदा मन्त्रालयलका उपसचिव कर्णलाई हस्तान्तरण गर्नु भएको थियो।



अर्नमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्नमा, सिरहा
मधेश प्रदेश, नेपाल



सखुवानन्कारकट्टी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवानन्कारकट्टी, सिरहा
मधेश प्रदेश, नेपाल



नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)